बैठक संख्या ५४

कार्यपालिका वैठक मिति २०७६।०३।०९

निर्णय नं. १

कार्यक्रम तथा बजेट तर्जुमा समितिका संयोजक एवं नगर उप प्रमुख श्री लक्ष्मी गौतम मार्फत पेश भएको आ.ब. २०७६।०७७ को कुल १,८५५,०००,०००।- (एक अरब पचासी करोड पचास लाख) बजेट, नीति तथा कार्यक्रम माथि छलफल भयो । छलफलका क्रममा कार्यपालिका सदस्यज्यूहरु मार्फत प्राप्त सल्लाह एवं सुझावलाई समेत दृष्टिगत गरी पेश भएको राजश्व र व्ययको प्रस्तावित अनुमान र बजेट, नीति तथा कार्यक्रमलाई उप प्रमुख श्री लक्ष्मी गौतम मार्फत मिति २०७६।०३।१० गते नगरसभामा प्रस्तुत गर्न स्वीकृती दिने निर्णय गरियो ।

निर्णय नं. २

यस उपमहानगरपालिकाको आ.ब. २०७६।०७७ को अर्थ विधेयक, २०७६ तथा बिनियोजन विधेयक, २०७६ नगरसभा समक्ष प्रस्तुत गर्न स्वीकृती दिने निर्णय गरियो ।

निर्णय नं. ३

देहायका सफाई कर्मचारीहरुलाई सफाई हितकोषको देहाय बमोजिमको रकम फिर्ता गर्न छुट भएको हुँदा उक्त रकम निजहरुलाई फिर्ता गर्ने निर्णय गरियो ।

| क्र.सं. | नाम, थर | फिर्ता गर्ने रकम | कैफियत |
|---|---|---|---|
| १ | दुर्गा देवी वि.क. | रु. १८,१७२। | |
| २ | शिला राई | रु. १८,१७२। | |
| ३ | रमेश राउत | रु. १८,१७२। | |

केशव प्रसाद विमली
प्रमुख प्रसासकीय अधिकृत

श्री उपमहानगर नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी
प्रदेश नं.१,सुनसरी, नेपाल